भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. / Ref No.: २०७९/०८०
च.नं. / Des No.:

मिति २०८०/०३/०८

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/०६/१० मा भएको दोस्रो संशोधन अनुसार नियम (९) को उपनियम (१) को "नियम ८ वमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कात्तिक मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०/८१ देखि लागु भएको हुँदा यस भिमाद नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) बमोजिम २०८० साउन १ गतेबाट भदौ मसान्तसम्म तपसिलमा उल्लेखित कागजपत्र सहित आफ्नो स्थायी ठेगाना रहेको वडामा स्वयंम उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै तोकिएको समयमा सामाजिक सुरक्षा भत्ता नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार जानकारी गराईन्छ।

तपसिल

- हालसालै खिचेको एक प्रति पासपोर्ट साईजको फोटो,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि/बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै सुचकको नागरिकता प्रमाणपत्र,
- विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयबाट जारी गरेको अर्को विवाह नगरेको प्रमाणित सिफारिस पत्रको प्रतिलिपि,
- ६० वर्ष उमेर नाघेको एकल महिलाको हकमा सम्बन्ध विच्छेद गरेको भए सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि, न्यायिक पृथकीकरण भएको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र विवाह नगरेको हकमा वडा कार्यालयको सिफारिस पत्र,
- अपाङ्ग भएको लाभग्राहीको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,

२०८०/३/८
टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत